कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत
प्रस्ताव दर्ता नं: ६/०९
प्रस्ताव दर्ता मिति: २०८३/०२/२८

विषयः "लोपोन्मुख राउटे समुदायको मूलप्रवाहीकरण नीति, २०८३" स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव पेस गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०८३/०२/१९

१. विषयको संक्षिप्त बेहोराः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत क्र.सं. ३७ मा "लोपोन्मुख, सिमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा तथा कार्यान्वयन" गर्ने विषय रहेको। वि.सं. २०६८ को जनगणनाअनुसार कर्णाली प्रदेशमा बसोबास गर्ने राउटे समुदायको जनसङ्ख्या ६१८ जना रहेकोमा वि.सं. २०७८ को जनगणना अनुसार हाल जम्मा १३४ जना रहेको। राष्ट्रिय समावेशी आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगले समेत राउटे समुदायको संरक्षण र सशक्तीकरणको लागि विशेष नीति आवश्यक रहेको भनी सिफारिस गरेकोले राउटे समुदायको अस्तित्व, पहिचान, जीवनशैली र अधिकारको संरक्षणको लागि यस मन्त्रालयलबाट तयार गरिएको "लोपोन्मुख राउटे समुदायको मूलप्रवाहीकरण नीति, २०८३" स्वीकृतिको लागि कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेस गर्न आवश्यक रहेको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ३०९, मिति २०८२/८/२१ को पत्रबाट र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. २७७८, मिति २०८२/१२/२७ को पत्रबाट कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष "लोपोन्मुख राउटे समुदायको मूलप्रवाहीकरण नीति, २०८३" स्वीकृतिको लागि प्रस्ताव पेस गर्न राय सहितको तर्जुमा सहमति प्राप्त भएकोले प्राप्त राय सुझाव बमोजिम मस्यौदा परिमार्जन गरिएको।

३. प्रस्ताव पेस गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः

कर्णाली प्रदेशमा बसोबास गर्ने राउटे समुदायको अस्तित्व, पहिचान, जीवनशैली र अधिकारको संरक्षणको लागि कर्णाली प्रदेश सरकारले नीति बनाउन आवश्यक भएकोले "लोपोन्मुख राउटे समुदायको मूलप्रवाहीकरण नीति, २०८३" स्वीकृतिको लागि कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेस गर्न माननीय विभागीय मन्त्रीबाट मिति २०८३/०२/१९ मा स्वीकृति प्राप्त भएकोले कर्णाली प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ को अनुसूची-१ को विषयसङ्ख्या ९ बमोजिम यो प्रस्ताव पेस गरिएको छ।

४. निर्णय हुनुपर्ने बेहोराः

यसैसाथ संलग्न "लोपोन्मुख राउटे समुदायको मूलप्रवाहीकरण नीति, २०८३" स्वीकृत गर्ने।

मितिः २०८३/०२/१९

(रोशनी कुमारी श्रेष्ठ)
प्रदेश सचिव
रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

# लोपोन्मुख राउटे समुदायको मुलप्रवाहीकरण नीति,२०८३

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

विषयसूची


परिच्छेद १: परिचय

१.१ पृष्ठभूमी
१.२ समस्या तथा चुनौती
१.३ नीतिको आवश्यकता

परिच्छेद २: नीति संरचना

२.१ दुरदृष्टि
२.२ ध्येय
२.३ लक्ष्य
२.४ उद्देश्य
२.५ नीति
२.६ रणनीति र कार्यनीति

परिच्छेद ३: नीति कार्यान्वयन

३.१ संस्थागत व्यवस्था
३.२ कानूनी व्यवस्था
३.३ वित्तीय व्यवस्था
३.४ नीति समन्वय र सामञ्जस्यता
३.५ जोखिम पहिचान र व्यवस्थापन
३.६ अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन
३.७ नीति कार्यान्वयन कार्ययोजना

अनुसूची


कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

## परिच्छेद-१
## परिचय

### १.१ पृष्ठभूमि

नेपाल सरकारले ०.०५ प्रतिशतभन्दा कम जनसंख्या भएका समुदायलाई अल्पसंख्यक समुदायको रूपमा सूचीकृत गरेको छ। नेपालमा कुसुण्डा, राउटे, हायु, किसान, मेचे, वनकरीया, सुरेल, राजी, लेप्चा र कुसवाडिया समुदायलाई अति लोपोन्मुख समुदाय अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ। वि.सं. २०६८ सालको जनगणनाअनुसार राउटेको जनसंख्या ६१८ जना रहेकोमा हाल जनगणना २०७८ मा घटेर जम्मा १३४ जना रहेका छन्। राउटे समुदायमा कल्याल, रास्कोटी र स्ववंशी गरी तीन वटा गोत्र रहेको पाइन्छ। राउटेहरूको मुख्य पेशा शिकार गर्नु र काठका सामान बनाएर अन्नसँग साट्नु हो। उनीहरू स्थायी रूपमा एउटै ठाउँमा बस्दैनन्। मौसम, चाडपर्व र परम्परागत कारणले गर्दा एक ठाउँबाट अर्को ठाउँ सर्ने गर्छन्। उनीहरू प्रायः एकान्त जंगलमा बस्न रुचाउँछन् र कहिलेकाहीं गाउँमा गएर आफ्ना सामान अन्नसँग साट्ने वा बेच्ने गर्छन्। खासगरी कर्णाली प्रदेशका जाजरकोट, दैलेख, सल्यान, सुर्खेत तथा सुदुरपश्चिम प्रदेशको अछाम र लुम्बिनी प्रदेशको दाङ लगायतका जिल्लामा अस्थायी बसोबास गर्छन्। उनीहरूले खाम्ची भाषा बोल्छन्। अझैसम्म पनि उनीहरूले स्थायी बसोबास, खेतीपाती र विद्यालय शिक्षालाई स्वीकार गरेका छैनन्। विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूले राउटे लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गरे तापनि उनीहरुको जीवनशैलीमा खासै सुधार आएको देखिदैन।

नेपालको संविधानले सामाजिक न्याय, समावेशीकरण र आदिवासी जनसमुदायको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको हुँदा अल्पसंख्यक र लोपोन्मुख समुदायहरूप्रति विशेष व्यवस्था सहितको नीति निर्माण र कार्यान्वयन गरिनुपर्ने संवैधानिक दायित्व रहेको छ। घुमन्ते रुपले जीवन निर्वाह गरिरहेका लोपोन्मुख राउटे समुदायले हाल आधारभूत मानव अधिकारको समेत उपयोग गर्न नसकेको अवस्था विद्यमान रहेको छ। बढ्दो मृत्युदर, न्यूनतम आवास सुविधाको अभाव र बाह्य हस्तक्षेपका कारण उनीहरूको प्राकृतिक जीवनशैलीमा गम्भीर असर परेको छ। रचनात्मक र प्रभावकारी हस्तक्षेप नभएमा निकट भविष्यमा यो समुदायको अस्तित्व समाप्त हुने खतरा रहेको छ। यस अवस्थालाई मध्यनजर गर्दै राष्ट्रिय समावेशी आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगले समेत राउटे समुदायको संरक्षण र सशक्तीकरणको लागि विशेष नीति आवश्यक भएको भनी सिफारिस गरेकोले राउटे समुदायको अस्तित्व, पहिचान, जीवनशैली र अधिकारको संरक्षणका लागि तत्काल अल्पकालीन तथा दीर्घकालीन नीति निर्माण गरी कार्यान्वयन गर्नु अत्यावश्यक भएकोले कर्णाली प्रदेश सरकारले यो नीति तयार गरेको छ।

### १.२ समस्या तथा चुनौती

सामाजिक न्यायको स्थापना र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको कार्यान्वयनका लागि लोपोन्मुख राउटे समुदायको संरक्षण र सम्वर्द्धन आवश्यक भए तापनि कर्णाली प्रदेशको सन्दर्भमा यी उद्देश्यहरू प्राप्त गर्न देहाय बमोजिमका समस्याहरू रहेका छन्:-

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत



रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

(क) राउटे समुदायको मौलिक भाषा, धर्म, संस्कृति र परम्परागत जीवनशैली क्रमशः लोप हुँदै गएको,
(ख) घुमन्ते जीवनशैलीका कारण समय र स्रोत साधन टहरा/पाल निर्माण र भत्काउने कार्यमा खेर जाने,
(ग) व्यक्तिगत तथा सामुदायिक सरसफाइबारे सचेतना अत्यन्त कम रहेको,
(घ) "लेखपढ गर्नु हुँदैन" भन्ने परम्परागत विश्वासले गर्दा बालबालिका शिक्षाबाट वञ्चित भएका,
(ङ) राउटे समुदायमा उच्च जन्मदर मृत्युदर र कुपोषणजस्ता गम्भीर स्वास्थ्य समस्या देखिएको,
(च) फोटो खिच्न, टिकटक वा भिडियो बनाउन बस्तीमा बाह्य मानिसहरूको अनावश्यक आगमन बढिरहेको,
(छ) राउटे समुदायमा बाह्य मदिरा सेवन बढ्दो रूपमा रहेको,
(ज) राहत वितरणमा समुदायको वास्तविक आवश्यकता नभई दाताको इच्छाले कार्यक्रम तय हुने प्रवृत्ति रहेको,
(झ) काठको अभाव, श्रम गर्ने अभ्यासको कमी आदिका कारण परम्परागत जीविकोपार्जन संकटमा परेको,
(ञ) सीमित विवाहयोग्य गोत्र, उमेर समूहको असन्तुलन तथा बाह्य समुदायको प्रभावबाट महिलाहरू हिंसाको उच्च जोखिममा रहेका,
(ट) राउटे समुदायसँग सम्बन्धित निकाय तथा संस्थाबीच समन्वयको अभाव देखिएको,
(ठ) राउटे समुदायको संवेदनशीलतामा ध्यान नदिई सामाजिक सञ्जालको गलत प्रयोग तथा पहुँच भइरहेको।

कर्णाली प्रदेशको सन्दर्भमा राउटे समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि देहाय बमोजिमका चुनौतीहरू रहेका छन्:-

(क) लोप हुँदै गएको मौलिक संस्कृति, परम्परा र जीवनशैलीको संरक्षण गर्नु,
(ख) राउटे समुदायको लोपोन्मुख खाम्ची भाषालाई लिपिबद्ध गरेर अभिलेख राख्नु,
(ग) समुदायमा देखिएका सामाजिक विकृतिहरू हटाउदै सकारात्मक रूपान्तरण ल्याउनु,
(घ) स्थायी रूपमा बसोबासको उपयुक्त स्थानको व्यवस्थापन गर्नु,
(ङ) धर्म संस्कृतिजन्य प्रतिबन्धहरूसँग समन्वय गर्दै शिक्षा, स्वास्थ्य, सरसफाई र पोषण सेवाहरू सुनिश्चित गर्नु,
(च) परम्परागत पेशालाई पूरक गर्ने वैकल्पिक जीविकोपार्जनका स्रोतहरू विकास गर्दै आत्मनिर्भरता बढाउनु,
(छ) बाह्य समुदायबाट किशोरीहरूलाई हुने हिंसा तथा दुर्व्यवहारबाट सुरक्षा गर्नु,
(ज) राहत र सेवा कार्यक्रमलाई समन्वयात्मक रूपमा एकद्वार प्रणालीमार्फत् सञ्चालन गर्नु,

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत



रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

(झ) समुदायभित्र शिक्षा र सोचमा सकारात्मक विकास गर्दै सामाजिक परिवर्तनको आधार तयार गर्नु,

(ञ) राउटे बस्तीमा अनाधिकृत तथा अनियन्त्रित प्रवेशलाई नियन्त्रण गर्नु।

## १.३ नीतिको आवश्यकता

राउटे समुदायले अति लोपोन्मुख र घुमन्ते जीवनशैली अपनाउँदै आएका छन्। उनीहरूको जीवन जंगल, वन्यजन्तु र प्रकृतिसँग नजिक रहे तथापि जलवायु परिवर्तन र बाह्य समुदायका कारण उनीहरू जोखिममा परिरहेका छन्। त्यसैले राउटे समुदायको जातीय पहिचान र मौलिकता संरक्षण गरी उनीहरूको हितमा विशेष व्यवस्था गर्न यो नीतिको आवश्यकता रहेको छ। यस नीतिको अन्य आवश्यकता यसप्रकार रहेको छः-

(क) संविधान र कानूनी व्यवस्था अनुसार राउटे समुदायको संरक्षण गर्न,

(ख) राउटे समुदायमा हुने जोखिम न्यूनीकरण गरी संरक्षणमा सहयोग पुऱ्याउन,

(ग) राउटे समुदायप्रति सम्बद्ध निकायहरूलाई आफ्नो जिम्मेवारी अनुसारको नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्नका लागि मार्गदर्शन गर्न,

(घ) संघ, प्रदेश र स्थानीय तहहरूमा राउटे समुदायसम्बन्धी नीतिगत समन्वय र एकरूपता कायम गर्न,

(ङ) राउटे समुदायका आधारभूत मानव अधिकारहरूको संरक्षण गर्न,

(च) राउटे समुदायको पहिचान, साँस्कृतिक मौलिकता र भाषाको संरक्षण र प्रवर्द्धन गर्न,

(छ) राउटे समुदायले भोगिरहेका समस्या र चुनौतीहरूलाई समाधान गर्दै समानतामूलक समाजको स्थापना गर्नु,

(ज) शिक्षा, स्वास्थ्य र जीविकोपार्जनका विकल्पहरू पहिचान गरी सामाजिक न्याय सुनिश्चित गर्नु,

(झ) बाह्य समुदायबाट हुने लैङ्गिक, यौनजन्य हिंसा र अन्य सबै प्रकारका भेदभाव तथा हिंसाको अन्त्य गर्नु।

# परिच्छेद-२
# नीति संरचना

## २.१ दुरदृष्टि

राउटे समुदायको विशेष संरक्षण गर्दै समान अधिकार र सम्मानसहितको न्यायपूर्ण समाज निर्माण।

## २.२ ध्येय

राउटे समुदायको पहिचान, मौलिकता र मानव अधिकारको संरक्षण गर्दै समावेशी र सम्मानजनक जीवनयापन सुनिश्चित गर्ने।

## २.३ लक्ष्य

राउटे समुदायको जीवनस्तर सुधार गर्दै मानव अधिकार सुनिश्चित गर्ने।

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

२.४ उद्देश्य

यस नीतिको मुख्य उद्देश्य लोपोन्मुख र सीमान्तकृत समुदायमा पर्ने राउटे समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक अधिकारको संरक्षण गर्नु हो। यस नीतिका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्:-

(क) राउटे समुदायको संरक्षण, सशक्तीकरण र समुचित विकास सुनिश्चित गर्नु,

(ख) राउटे समुदायको परम्परागत जीवनशैली, धर्म, संस्कृति, भाषा, लिपि र सीपको संरक्षण तथा प्रवर्द्धन गर्नु,

(ग) राउटे समुदायको जनजीवनमा देखिएका समस्यालाई न्यूनीकरण गर्दै उनीहरूलाई सम्मानजनक जीवन बाँच्न सक्ने वातावरण तयार गर्नु।

२.५ नीति

१. नेपालको संविधानले प्रदान गरेका मौलिक हक र मानव अधिकार उपभोग गर्न राउटे समुदायलाई सक्षम बनाउने।

२. राउटे समुदायको जीवनशैली, संस्कृति, भाषा, लिपि, सम्पदा र सीपको संरक्षण, प्रवर्द्धन र आधुनिकीकरण गर्ने। ।

३. राउटे समुदायको गास वास लगायत आधारभुत आवश्यकता परिपूर्तिको लागि विशेष संरक्षण प्रदान गर्ने।

२.६ रणनीति तथा कार्यनिती

**२.६.१.१ राउटे समुदायको भाषा, संस्कृति, परम्परा तथा सीपको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्दै समयअनुकूल आधुनिकीकरण गरिनेछ।**

कार्यनीति

१. राउटे भाषा (खाम्ची) लिपिबद्ध गरेर त्यसको संरक्षण गर्ने।

२. राउटे समुदायको जीवनशैली र अमूर्त संस्कृतिको खोज, अभिलेख र संरक्षण गर्ने।

३. राउटे समुदायको करिडोर तथा प्रोफाइल तयार गर्ने।

४. राउटे समुदायले गर्दै आएका परम्परागत काठका सामानको उत्पादनलाई सुधार गर्दै त्यसबाट उनीहरूको आम्दानीको स्रोत बनाउन मद्दत गर्ने।

५. काठका सामग्री बनाउन चाहिने बिरुवा रोप्ने, संरक्षण गर्ने र सहज उपलब्धता हुने व्यवस्था गर्ने तथा राउटे समुदायलाई उनीहरू बसाईसराई सर्ने क्षेत्रभित्रका सामुदायिक वनको उपभोक्ताको सदस्यता प्रदान गर्ने।

६. राउटे समुदायले बनाएका सामग्रीलाई बिक्री वितरण गर्न प्रदेश तथा स्थानीय सरकारले सहजीकरण गर्ने।

७. राउटे समुदायले बनाएका वस्तुहरू सरकारी कार्यालयले मायाको चिनो, संग्रहालय तथा प्रदर्शन स्थलमा प्रयोग गर्ने।

८. शहरी क्षेत्रमा रहेका कोशेली गृहमा प्रचारप्रसार गरी उनीहरूको उत्पादनको बजारीकरणको व्यवस्था गर्ने।

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत



रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

९. राउटे समुदायका बालबालिकालाई आधारभूत तह देखि उच्च शिक्षा हासिल गर्न प्रोत्साहन गर्ने।

१०. राउटे समुदायका नागरिकहरूको सीप र क्षमताको आधारमा रोजगारीका क्षेत्रहरूमा प्राथमिकता दिने।

११. राउटे समुदायलाई स्थानीयस्तरमा हुने राजनीतिक, सामाजिक र आर्थिक क्रियाकलापमा सहभागिता गराउने।

१२. राउटे समुदायले चाडपर्व वा धार्मिक कार्यमा आफैंले परम्परागत रूपमा बनाएको मदिरा मात्र प्रयोग गर्न दिने।

**२.६.१.२ राउटे समुदायको घुमन्ते जीवनशैलीलाई मध्यनजर गर्दै शिक्षा, स्वास्थ्य तथा पोषण सम्बन्धी सेवाहरू घुम्ती (मोबाइल) प्रणालीमार्फत् प्रभावकारी रूपमा प्रवाह गरिनेछ।**

कार्यनीति

१. राउटे समुदाय बसोबास गरेको स्थानमा आधारभूत शिक्षा दिने व्यवस्था मिलाउने।

२. राउटे समुदायको बसोबास रहने सुर्खेत, दैलेख, जाजरकोट, सल्यान लगायतका जिल्लामा उनीहरूको इच्छाअनुसारको स्थानमा अस्थायी आवास निर्माण गर्ने।

३. राउटे समुदाय बसोबास गरेको स्थानमा घुम्ती आधारभूत स्वास्थ्य सेवा सञ्चालन गर्ने।

४. राउटे समुदायलाई निशुल्क स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने ।

५. राउटे समुदायको स्वास्थ्य समस्या न्यूनीकरण गर्न खानपान, लत्ताकपडा तथा औषधिको निशुल्क व्यवस्था गर्ने।

**२.६.१.३ राउटे समुदायको सक्रिय सहभागितामा राउटे लक्षित कार्यक्रमहरु एकिकृत रुपले कार्यान्वयन गरिनेछ।**

कार्यनीति

१. राउटे समुदायको सहभागितामा उनीहरूको आवश्यकतामा आधारित कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. राउटे समुदायका लागि लक्षित कार्यक्रमहरू सम्बन्धित निकायहरूबीच समन्वय गरी एकीकृत रूपमा सञ्चालन गरिनेछ।

३. राउटे समुदायका मुखिया, अगुवा तथा सदस्यहरूसँग नियमित संवाद, परामर्श र सहकार्यको व्यवस्था गरी कार्यक्रमप्रति अपनत्व अभिवृद्धि गरिनेछ।

४. राउटे समुदायका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकता सम्बोधन गर्ने लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

५. राउटे समुदायसँग सम्बन्धित तथ्याङ्क, अभिलेख तथा सूचना प्रणालीलाई व्यवस्थित गरी प्रमाणमा आधारित योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

**२.६.१.४ राउटे बस्तीमा अनधिकृत प्रवेश तथा बाह्य हस्तक्षेप नियन्त्रण गर्दै आवश्यक सुरक्षा संयन्त्र परिचालन गरी समुदायको समग्र सुरक्षा सुदृढ गरिनेछ।**

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत



रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

कार्यनीति

१. राउटे समुदायलाई मदिरा खुवाउन तथा बिक्रिवितरण गर्न निषेध गर्ने।
२. राउटे समुदायको बसोबास क्षेत्रमा बाह्य व्यक्ति तथा गतिविधिलाई नियन्त्रण गर्न विशेष सुरक्षाको व्यवस्था गर्ने।
३. राउटे समुदायको सुरक्षाका लागि उनीहरूले चयन गरेका महिला र पुरुष स्वयंसेवक राख्ने।
४. प्रदेश सरकार र स्थानीय तहको समन्वय एवं सहकार्यमा राउटे बस्ती नजिक आवश्यक सुरक्षा व्यवस्था मिलाउने।

## परिच्छेद-३
## नीति कार्यान्वयन

### ३.१ संस्थागत व्यवस्था

३.१.१ <u>राउटे समुदायको मुलप्रवाहीकरण निर्देशक समिति</u>: राउटे समुदायको मुलप्रवाहीकरण नीति कार्यान्वयन गर्न गराउनका लागि देहाय बमोजिमको एक निर्देशक समिति गठन गरिनेछ:-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय -अध्यक्ष
(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य
(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य
(घ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य
(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य
(च) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य
(छ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य
(ज) सचिव, भौतिक पुर्वाधार विकास मन्त्रालय -सदस्य
(झ) सचिव, जलस्रोत तथा उर्जा विकास मन्त्रालय -सदस्य
(ञ) अध्यक्ष, गुँरास गाउँपालिका दैलेख -सदस्य
(ट) अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ समन्वय परिषद् कर्णाली प्रदेश -सदस्य
(ठ) सामाजिक विकास महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय -सदस्य-सचिव

३.१.२ <u>निर्देशक समितिको काम कर्तव्य र अधिकार</u>: समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:-

(क) राउटे समुदायको मुलप्रवाहीकरण नीति, नियमको पुनरावलोकन गर्ने,
(ख) नीति कार्यान्वयन गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने,
(ग) आन्तरिक र बाह्य रुपमा कार्यगत समन्वय कायम गर्ने,
(घ) राउटे समुदायमा संरक्षण एवम् विकास गर्नका लागि आवश्यक बजेटको सुनिश्चितता गराउने,
(ङ) राउटे समुदायमा भएका कार्यक्रमहरुको अनुगमन गर्ने गराउने।

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत



रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

३.१.३ <u>कार्यान्वयन तथा सहजीकरण समितिः</u> राउटे समुदायको मुलप्रवाहीकरण सम्बन्धी कार्यक्रम कार्यान्वयन, समन्वय तथा सहजीकरणका लागि देहाय बमोजिमको एक कार्यान्वयन तथा सहजीकरण समिति गठन गरिनेछः-

| | |
|---|---|
| (क) सामाजिक विकास महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय | -संयोजक |
| (ख) प्रतिनिधि, गुँरास गाउँपालिका दैलेख | -सदस्य |
| (ग) प्रतिनिधि, राउटे समुदायको क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्था एक जना | -सदस्य |
| (घ) प्रतिनिधि, राउटे समुदाय | -सदस्य |
| (ङ) प्रतिनिधि, आदिवासी जनजाति महासंघ | -सदस्य |
| (च) राउटे समुदाय बसोबास गरिरहेका स्थानीय तहको प्रतिनिधि | -सदस्य |
| (छ) राउटे समुदायको संरक्षणमा सक्रिय भएका व्यक्तिहरू मध्ये मन्त्रालयबाट मनोनीत एकजना महिला सहित दुईजना | -सदस्य |
| (ज) बाल अधिकार तथा सामाजिक न्याय शाखा प्रमुख, सामाजिक विकास मन्त्रालय | -सदस्य-सचिव |

समितिको बैठकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

३.१.४ <u>कार्यान्वयन तथा सहजीकरण समितिको काम कर्तव्य र अधिकारः</u> यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) राउटे समुदायको मुलप्रवाहीकरण नीति तथा कार्यक्रमको कार्यान्वयनका विभिन्न सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गर्ने,

(ख) राउटे समुदायसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने तथा अनुगमन गर्ने गराउने,

(ग) राउटे समुदायका लागि सरोकारवालाहरुबाट उपलब्ध हुने सहयोगहरु एकद्वार प्रणाली मार्फत् प्रदान गर्न समन्वय गर्ने,

(घ) निर्देशक समितिले तोकेबमोजिमका अन्य कार्य गर्ने।

३.२ <u>कानूनी व्यवस्थाः</u> यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनी व्यवस्था गरिनेछ।

३.३ <u>वित्तीय व्यवस्थाः</u> यो नीति कार्यान्वयनको लागि लाग्ने खर्च संघीय, प्रादेशिक तथा स्थानीय सरकारको साझेदारीमा व्यवस्थापन गरिनेछ र आवश्यकता अनुसार विकास साझेदार निकायबाट सहयोग लिइनेछ।

३.४ <u>जोखिम पहिचान र व्यवस्थापनः</u>

३.४.१ <u>जोखिम पहिचानः</u> यस नीतिको प्रभावकारी कार्यान्वयनमा मुख्यतयाः कर्णाली प्रदेश सरकारका निकाय र स्थानीय तहको सक्रियता तथा परिचालन लगायतका विषयमा जोखिम आउन सक्ने अनुमान गरिएको छ। यसका साथै अन्य जोखिम देहाय बमोजिमका रहेका छन्:-

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

(क) लोप हुँदै गएको मौलिक संस्कृति, परम्परा र जीवनशैलीको संरक्षण गर्नका लागि तीनै तहको सरकारको समन्वय र सहकार्यमा चुनौती हुन सक्ने,

(ख) समुदायमा देखिएका सामाजिक विकृतिहरू हटाउन समय लाग्ने भएकोले सो अवधिसम्म उक्त समुदायका व्यक्तिहरूलाई जोखिम रहेको,

(ग) शिक्षा, स्वास्थ्य, सरसफाई र पोषण सेवाहरू सुनिश्चित गर्नका लागि प्रदेश सरकारको प्रयासमा राउटे समुदायबाट सहयोग नहुन सक्ने अवस्था रहेको,

(घ) परम्परागत पेशालाई पूरक गर्ने वैकल्पिक जीविकोपार्जनका स्रोतहरू विकास गर्दै आत्मनिर्भरता बढाउनको लागि सबै क्षेत्रको सहकार्य हुन नसक्ने।

३.४.२ <u>जोखिम न्यूनीकरण</u>: राउटे समुदायलाई मूलप्रवाहीकरणमा ल्याउनका लागि देहायका उपायहरू अवलम्बन गरी जोखिम न्यूनीकरण गरिनेछः-

(क) सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार तथा कर्णाली प्रदेशका सम्बन्धित जिल्ला तथा स्थानीय तहसँग समन्वय एवं सहकार्य गरी यस नीतिको कार्यान्वयनका लागि स्रोत सुनिश्चित गर्ने,

(ख) कर्णाली प्रदेशमा कार्यरत विकासका साझेदार तथा सरोकारवालसँग समन्वय एवं सहकार्य गरी यस नीतिको लक्ष्य प्राप्तिका लागि आर्थिक, प्राविधिक तथा अन्य स्रोतको प्रभावकारी परिचालन गर्ने गराउने,

(ग) लोप हुँदै गएको मौलिक संस्कृति, परम्परा र जीवनशैलीको संरक्षण गर्नका लागि विशेष कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,

(घ) बाह्य समुदायबाट हुने जोखिमका लागि स्वयमसेवक तथा प्रहरी परिचालन गर्ने र राउटे समुदायका व्यक्तिलाई जोखिमको बारेमा अभिमुखिकरण गर्ने,

(ङ) शिक्षा, स्वास्थ्य, सरसफाई र पोषण सेवाहरू सुनिश्चित गर्नका लागि प्रदेश सरकारको प्रयासमा राउटे समुदायलाई यसको फाइदाको बारेमा जानकारी गराउने,

(च) परम्परागत पेशालाई पूरक गर्ने वैकल्पिक जीविकोपार्जनका स्रोतहरू विकास गर्दै आत्मनिर्भरता बनाउनको लागि तालिम प्रदान गर्ने।

३.५ <u>अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन</u>: यस नीतिको अनुगमन तथा मूल्याङ्कन कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले गर्नेछ। यस नीतिको प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी समसामयिक सुधार गरिनेछ ।

३.६ <u>नीति कार्यान्वयन कार्ययोजना</u>: यो नीतिको कार्यान्वयन कार्ययोजना अनुसूचीमा उल्लेख भए बमोजिम गरिनेछ।

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

# अनुसूची

## कार्यान्वयन कार्ययोजना

| क्र.सं. | कार्यनीति बमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | राउटे समुदायको बालबालिकालाई औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्ने। | स्थानीय तह | प्रदेश सरकार तथा विभिन्न विकास साझेदार | निरन्तर | राउटे समुदायका बालबालिकाको शिक्षाको पहुँचमा वृद्धि हुने। |
| २. | घुम्ती रूपमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्ने। | स्थानीय तह | विकास साझेदार संस्थाहरु | निरन्तर | राउटे समुदायलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त हुने। |
| ३. | गर्भवती महिला, सुत्केरी र नवजात शिशुका लागि छुट्टै स्याहार सुविधा उपलब्ध गराउने। | स्थानीय तह | विकास साझेदार संस्था | निरन्तर | राउटे समुदायलाई विशेष स्याहार सुविधा प्राप्त हुने। |
| ४. | मौसम अनुसारको पोशाक तथा पोषणयुक्त खाद्यान्न वितरण गर्ने। | सामाजिक विकास मन्त्रालय | विकास साझेदार | आवश्यकता अनुसार | पोषणमा सुधार भएको हुने। |
| ५. | राउटे समुदायको बसाईसराई अनुसार अस्थायी आवास निर्माण गर्ने। | सामाजिक विकास मन्त्रालय | स्थानीय तह र विकास साझेदार | निरन्तर | सुरक्षित आवास निर्माण हुने। |
| ६. | राउटे समुदायको बसोबास स्थललाई सुरक्षित बनाउने। | प्रहरी | स्थानीय तह विकास साझेदार संस्था | निरन्तर | बसोबास स्थल सुरक्षित हुने। |
| ७. | काठका सामग्री बनाउन चाहिने बिरुवा रोप्ने तथा संरक्षण गर्ने। | स्थानीय तह र प्रदेश | विकास साझेदार | निरन्तर | सामग्री निर्माणका लागि चाहिने काठ प्राप्त हुने। |
| ८. | राउटे समुदायले उत्पादन गरेको सामग्रीको बजारीकरण गर्ने। | सामाजिक विकास मन्त्रालय | स्थानीय तह र विकास साझेदार संस्था | निरन्तर | राउटे समुदायले उत्पादन गरेका वस्तु बिक्रि भई उनीहरू आर्थिक रूपमा सशक्तिकरण हुने। |
| ९. | राउटे समुदायको लागि शिक्षा तथा रोजगारीमा विशेष व्यवस्था गर्ने। | प्रदेश सरकार | स्थानीय तह | आवश्यकता अनुसार | राउटे समुदायलाई सामाजिकीकरणमा सहयोग पुग्ने। |

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत



रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | राउटे समुदायको लागि सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने। | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | निरन्तर | राउटे समुदायको सामाजिक सहभागिता बढ्नें। |
| ११. | राउटे समुदायको करिडोर तथा प्रोफाइल अभिलेखिकरण गर्ने । | सामाजिक विकास मन्त्रालय | विकास साझेदार | आर्थिक वर्ष ०८३/८४ | राउटे समुदायको संरक्षणमा टेवा पुग्ने। |
| १२. | राउटे समुदायको जीवनशैली र संस्कृतिको खोज, अभिलेख र संरक्षण गर्ने। | सामाजिक विकास मन्त्रालय | विकास साझेदार | निरन्तर | राउटे समुदायको संरक्षणमा टेवा पुग्ने। |
| १३. | राउटे समुदायको संरक्षणका लागि सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गर्ने। | सामाजिक विकास मन्त्रालय | विकास साझेदार | निरन्तर | राउटे समुदायको संरक्षणमा टेवा पुग्ने। |
| १४. | राउटे समुदायको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्ने। | सामाजिक विकास मन्त्रालय | विकास साझेदार | निरन्तर | राउटे समुदायको आवश्यकता पुरा गर्न सहयोग पुग्ने। |
| १५. | राउटे समुदाय सम्बन्धी सुचना तथा सचेतनामुलक सामग्री प्रकाशन तथा प्रसारण गर्ने। | सामाजिक विकास मन्त्रालय | विकास साझेदार | निरन्तर | राउटे समुदाय र स्थानीय समुदाय बीच समन्वय तथा सहकार्य बढाउन टेवा पुग्ने। |

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव